ISSN: 3102-0941 (Print)
भाषा आयोगको सहकर्मी-समीक्षित जर्नल
भाषालोक
वर्ष ५, अङ्क १:३३-४३, चैत २०८२

# लोपोन्मुख कुसुन्डा संस्कृति र भाषिक अस्तित्वको प्रश्न

**डा.पुष्करनाथ रिजाल**
उपप्राध्यापक, मध्यपश्चिम विश्वविद्यालय
वागेश्वरी बहुमुखी क्याम्पस कोहलपुर
Puskarrijal38@gmail.com

(प्राप्त मितिः २०८२/०९/०७; स्वीकृत मितिः २०८२/१२/०१)

**लेखसार**

जीवन्त भाषाले जातीय पहिचानलाई वहन गर्दछ। भाषा अस्तित्वमा रहन त्यसको दैनिक प्रयोग अनिबार्य हुन्छ। कुसुन्डा नेपालका लोपोन्मुख जातिमध्ये एक हो, जसको भाषा र संस्कृति गम्भीर सङ्कटमा रहेको छ। यो अध्ययन कुसुन्डा भाषा र संस्कृतिको वर्तमान भाषिक संरचना तथा नेपाली भाषासँगको तुलनात्मक विश्लेषणमा केन्द्रित छ। व्यतिरेकी वितरणको सिद्धान्तका आधारमा कुसुन्डा र नेपाली भाषाका स्वर तथा व्यञ्जन वर्णहरूको तुलना गरिएको छ। द्वितीयक स्रोतका रूपमा भाषा आयोगका प्रतिवेदन, पुस्तकहरू, शब्दकोश र अनुसन्धान लेखहरूको उपयोग गरिएको छ। अध्ययनले कुसुन्डा भाषामा छ वटा स्वर र पच्चीस वटा व्यञ्जन वर्ण रहेको देखाएको छ। यसमा मातृभाषी वक्ताको अत्यन्त न्यून सङ्ख्याका कारण कुसुन्डा भाषा र संस्कृति लोप हुने अवस्थामा पुगेको निष्कर्ष निकालिएको छ। कुसुन्डा भाषाको संरक्षणका लागि प्रभावकारी सरकारी नीति, कुसुन्डा समुदायकेन्द्रित संरक्षण कार्यक्रम र शैक्षिक पहल गरिनु आवश्यक छ।

**शब्द कुञ्जीः** *कुसुन्डा, भाषिक मृत्यु, मातृभाषी वक्ता, वनराजा, सिकारी संस्कृति।*

## १. विषय परिचय

बहुभाषिक मुलुक नेपालमा भारोपेली, भोटचिनियाँ, आग्नेली र द्रबिड गरी चार परिवारका भाषाहरू रहेका छन्। वि.सं. २०६८ को जनगणनामा यहाँ १२३ वटा भाषाहरू रहेको उल्लेख गरिएको छ भने वि.सं. २०७८ को जनगणनामा यो सङ्ख्या १२४ उल्लेख गरिएको छ। नेपालको सरकारी कामकाजको सबैभन्दा धेरै जनसङ्ख्या भएको भाषा नेपाली हो। यस्तै नेपालको सबैभन्दा कम जनसङ्ख्यामा रहेको भाषा कुसुन्डा रहेको छ। यो नेपालका कुसुन्डा जातिको मातृभाषा हो। कुसुन्डा भाषालाई माथि उल्लिखित चार परिवारबाहेक अन्य परिवारको भाषा भनी देखाइएको छ। लोपोन्मुख कुसुन्डा भाषाको संरक्षण गर्ने हेतुले केही कामहरू भने भएका छन्। यो भाषामा वर्ण निर्धारण हुनाका साथै शब्दकोश निर्माण गर्ने काम भएको छ। यसलाई महत्त्व दिई अनुसन्धानको विषय बनाइएको छ। सर्वप्रथम कुसुन्डा र यसको भाषाका बारेमा विश्वमाझ चिनाउने व्यक्ति बेलायती विद्वान् हड्सन हुन् (भाषा आयोग, पृ. ३२)। यसपछि ग्रियर्सन, योगी नरहरिनाथ, भाषाशास्त्री राइनहार्ड, डोरबहादुर

विष्ट, चूडामणि बन्धु, माधवप्रसाद पोखरेल, उदयराज आले, टीकाराम उदासी, बि.के. राना, वैरागी काइँला, नारायणप्रसाद अधिकारी, पुष्करनाथ रिजाल आदिले व्यक्तिगत र नेपाल सरकार, भाषा आयोग आदिले संस्थागत रूपमा कुसुन्डा जाति, भाषा र संस्कृतिका विविध पक्षमा अध्ययन अनुसन्धान गरी जानकारी दिँदै आएका छन्।

कुसुन्डा जाति केही समय पहिले नेपालका पश्चिमतिरका मध्यपहाडी मूलतः प्युठान, दाङ, अर्घाखाँची आदि जिल्लाका जङ्गलमा फिरन्ते जीवन बिताउने गर्दथे। कुसुन्डाहरू प्रकृतिमा ठूलो विश्वास राख्दछन्। धार्मिक मान्यतालाई मान्ने यिनीहरू आफूलाई सीताका दुई छोरा लव र कुशमध्ये कुशका सन्तान ठान्दछन्। वनमा सिकारी जीवन बिताउने कुसुन्डाहरूले आफूलाई वनराजा भन्नमा गर्व गर्दछन्। नेपालका सबैभन्दा पुराना बासिन्दाहरूमध्ये कुसुन्डा जाति नै होलान् (राना सन् २०००)। केही समयदेखि कुसुन्डा विश्वकै अत्यन्त जोखिम र लोपोन्मुख अवस्थामा रहेको जातिका रूपमा चित्रित हुँदै आएको छ। बढ्दो बस्ती विस्तार, जङ्गल विनाश, आवागमनको सुविधा विस्तार आदि कारणले कुसुन्डाको बसोबास र जीवनशैलीमा परिवर्तन आयो। उनीहरू अब विशुद्ध प्राचीन सिकारी सङ्ग्रही रहेनन् (बोड्ने, सन् १९८८)। कुसुन्डाहरू अन्य जातिका मानिससँग घुलमिल हुन थालेपछि आफ्नो जीवनशैलीमा परिवर्तन ल्याउन थाले। वनका विचरणशील उनीहरू सिकारको अभाव र असुरक्षाका कारण गाउँका छेउछाउ स्थायी बसोबासी बन्न थाले। उनीहरूका बिहेबारी अन्य ठकुरी र जनजातिहरूसँग हुन थाल्यो। यसो हुँदा कुसुन्डा भाषा, संस्कृति र जीवनशैलीका मौलिकता विस्तारै हराउन थाले। प्रस्तुत अध्ययनमा नेपालका लोपोन्मुख कुसुन्डा भाषाका वर्ण र नेपाली भाषाका वर्ण र शब्दहरूको जानकारी दिँदै कुसुन्डा भाषा लोप हुनुका कारण तथा यसलाई संरक्षण गर्नका लागि केही उपायहरू सुझाउने उद्देश्य राखिएको छ।

## २. समस्याकथन

नेपालका पछिल्ला जनगणना र भाषिक अध्ययनले सबैभन्दा खतराको सूचीमा रहेको भाषाका रूपमा कुसुन्डा भाषालाई चिनाउँदै आएका छन्। कुसुन्डा लोपोन्मुख भाषा हो भने नेपालको सबैभन्दा शक्तिशाली र विकसित भाषा नेपाली हो। यी दुवै भाषा छुट्टाछुट्टै अस्तित्व भएका स्वतन्त्र भाषा हुन्। हरेक भाषाको विशिष्ट महत्त्व हुन्छ। नेपाली र कुसुन्डा भाषाका आआफ्नै वर्ण, शब्दभण्डार र मौलिक विशेषता रहेका छन्। कुसुन्डा र नेपाली भाषाको तुलना गर्दै कुसुन्डा भाषा र संस्कृतिलाई चिनाउँदै यो लोप हुनुका कारण पहिचान गर्नु, यसको संरक्षणका उपायहरू के कस्ता छन् भनी देखाउनु र पारिवारिक सम्बन्ध के कस्तो छ भनी यो अध्ययनको प्रमुख समस्या हो। यसै प्रश्नसँग सम्बन्धित अध्ययनका विशिष्ट समस्याहरू यसप्रकार छन्:

क) कुसुन्डाका मौलिक संस्कृति के कस्ता छन् ?

ख) कुसुन्डा भाषाको पारिवारिक सम्बन्ध कुन परिवार नजिक छ ?

ग) कुसुन्डा र नेपाली भाषाका वर्णको तुलनात्मक स्थिति के कस्तो छ ?

## ३. अध्ययनको उद्देश्यहरू

प्रस्तुत अध्ययन कुसुन्डा भाषासँग नेपाली भाषाको तुलना गरी तिनमा रहेका समानता र भिन्नताको निरुपण गरी कुसुन्डा भाषा लोपोन्मुख बन्नुका कारण र संरक्षणका उपाय

सुझाउने मूल उद्देश्यमा केन्द्रित छ। यसै उद्देश्यसँग सम्बन्धित अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्:

क) कुसुन्डा जातिका मौलिक संस्कृतिलाई देखाउनु,

ख) कुसुन्डा भाषा कुन परिवारसँग नजिक छ भन्ने देखाउनु,

ग) कुसुन्डा र नेपाली भाषाका वर्णको तुलनात्मक स्थितिको जानकारी दिनु।

## ४. अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक किसिमको अध्ययन हो। यस अध्ययनमा व्यतिरेकी वितरणको सिद्धान्तका आधारमा नेपाली र कुसुन्डा भाषाका वर्णहरूको तुलना गरिएको छ। यसै गरी कुसुन्डा भाषाका प्राप्त शब्द र तिनको अर्थको अन्य भाषासँग तुलना गरी समानता र भिन्नता देखाइएको छ। नेपाली तथा कुसुण्डा जाति र भाषाका विषयमा गरिएका शोधखोज, त्यस विषयमा लेखिएका पुस्तक, लेख र तथ्याङ्क, प्रतिवेदनहरू यस अध्ययनमा द्वितीयक समग्रीका रूपमा प्रयोग गरिएका छन्। भाषा आयोग नेपालले तयार गरेको प्रतिवेदन (२०७५) का साथै नेपाली र कुसुन्डा भाषासम्बन्धी पुस्तक, शब्दकोश, लेख आदिको पनि उपयोग गरिएको छ। विभिन्न स्रोतबाट प्राप्त सूचनालाई तुलना र विश्लेषण गरी अध्ययनलाई साकार रूप दिइएको छ। यसका साथै विषय विज्ञहरूसँग आवश्यक परामर्श र छलफल गरी निष्कर्षलाई विश्वसनीय बनाउने प्रयास गरिएको छ।

## ५. कुसुन्डा जाति र संस्कृति

कुसुन्डा आफ्नै मौलिक पहिचान भएको प्राचीन जाति हो। पहिलेपहिले यिनीहरू जङ्गलमा डुली सिकार गरी गुजारा गर्दथे। यिनीहरुले आफूलाई जन्मकथा रामायणसँग जोडिएको मान्दछन्। कुसुन्डाहरू रामायणका नायक भगवान् रामचन्द्र र सीताका छोरा लव र कुशमध्ये कुशसँग आफ्नो जातिको वंशगत सम्बन्ध रहेको विश्वास गर्दछन्। कुसुन्डाहरूको जातीय उत्पत्तिको धारणा रामायणले बताएको कुशको जन्म, चेपाङको उत्पत्तिसम्बन्धी कथा र कुसुन्डाको मौखिक इतिहास मिल्छ (अधिकारी, सन् २०२०)। डोर बहादुर विष्ट (२०३४) र चूडामणि बन्धु (२०६९) ले रमाइला मिथक उद्धरण गर्दै कुसुन्डाको उत्पत्ति कथा प्रस्तुत गरेका छन्। विष्टका अनुसार कुसुन्डाको पौराणिक कथा यसप्रकार छ:

“बनवासका समयमा सीताजी वाल्मीकि आश्रममा बस्थिन्। उनको लोहोरी नामको एक छोरा थिए। छोरालाई कोक्रामा राखी उनी काममा जान्थिन्। ऋषिले बच्चालाई हेर्थे। सधैंझैं सीताजी छोरालाई कोक्रामा राखी लुगा धुन खोला गइन्। त्यहाँ बाँदरहरू आएर आफ्ना बच्चासँग खेल्न थाले। सीतालाई यो देखेर डाहा र आफ्नो छोराको माया पनि लाग्यो। उनी कुटीमा गई आफ्नो छोरा ल्याएर आइन् र बाँदरहरूलाई खिस्याउँदै खेल्न थालिन्। वाल्मिकी ऋषिले कोक्रामा बच्चा नदेखेपछि चिन्तित भए। सीताले खोलाबाट फर्किएपछि छोरो हराएकामा दुःख मान्लिन् भन्ने ठानी ऋषिले कुशबाट आफ्नो तपोबलले बच्चा बनाई कोक्रोमा राखिदिए। सीताले आफूसँग छोरो लिएर आएपछि ऋषिलाई कुशको बच्चा के गर्ने भन्ने समस्या भयो। पछि ऋषिको सल्लाहबमोजिम सीताले दुवैलाई छोरा मानेर हुर्काउन थालिन्। कुशबाट बनेकाले उसको नाम कुशरी राखियो।

## खण्ड दुईः भाषा संरक्षण तथा संवर्धन

"लोहारी र कुशरी ठूला हुँदै गर्दा यिनका सन्तान पनि फैलिए। लोहारीका सन्तान चेपाङ हुन गए र कुशरीका सन्तान कुसुन्डा भए। कालान्तरमा लोहारी र कुशरीको शत्रुता बढ्न गयो। त्यसैले आज पनि कुसुन्डाले चेपाङलाई देखेमा टाढैबाट धनुकाँड हानेर मारिदिन्छन् (विष्ट पृ. ६८-६९)। यसै लोककथाको विश्वासका आधारमा चेपाङहरूले कुसुन्डालाई खतरनाक जाति मान्दछन्।"

अर्को किंवदन्तीअनुसार देवी सीताका दुई छोरा लव र कुश थिए। उनीहरू हुर्किएपछि लवले सहरमा राज्य गरे भने कुशले गाउँमा राज्य गरे। कुशका सन्तान कुसुन्डा हुन् भन्ने मानिँदै आएको छ। यी जाति नेपालका जङ्गल र नदी किनारामा विचरणशील जीवन बिताउने सिकारी जाति हुन्। यिनीहरूको जीवनशैलीमा केही समानता पनि पाइन्छन्। पहिले कुसुन्डाहरू खेती किसानी र गाई भैंसीजस्ता पशुपालनमा विश्वास गर्दैनथे।

आफूलाई कुशका सन्तान मान्ने कुसुन्डाहरू गाईले आहाराका रूपमा कुश खाने भएकाले गाईको दूध, दही छुँदैनन् र खाँदैनन्। यिनीहरू माछामासु, आटापिठो र दालभात रुचाउँथे। धनुकाँड चलाउन सिपालु कुसुन्डाहरू वनका दुम्सी, भार्से, गोहोरा, बाँदर, गुना, चित्तल, राते, कालिजजस्ता जनावर मारेर गुजारा गर्थे। कुसुन्डा केटाहरू चौध वर्ष पुगेपछि मात्रै सिकारका लागि योग्य मानिन्थे। दिनभरि खुर्पा, खन्ती, कुटो, कोदालो बोकेर तरुल, भ्याकुर र दाउराको जोहो गर्ने कुसुन्डा महिलाहरू गाउँमा गई आटोपिठोसँग साट्ने वा माग्थे। कुसुन्डाको अगेनामा पुरुषले मात्रै आगो बाल्ने चलन थियो। उनीहरू झुला चकमक वा काठ रगडेर आगो निकाल्ने गर्थे।

कुसुन्डाहरू संयुक्त परिवारमा रहन्थे। उनीहरूको परिवारमा २५ देखि ५० जना सदस्यसम्म पनि हुन्थे। धेरै परिवार सङ्ख्या हुँदा सल्लाहमा छुट्टिने गर्दथे। बाहुन क्षेत्रीमा जस्तै कुसुन्डा समाजमा पनि जेठाजु-बुहारी, सम्धी-सम्धिनीका बीचमा छुन नहुने प्रचलन थियो। कुसुन्डा समाजमा न्याय व्यवसथा सुचारु राख्न मुङ (मुखिया) राख्ने चलन थियो। मुखियाले लगाएका नियम र काम सबैका लागि मान्य हुन्थे। बाहिरी शत्रुको आक्रमणबाट बाँच्न युवाहरूलाई गोप्य रूपमा पट्टा वा लाठी खेल्न सिकाइन्थ्यो। यस्तो खेल कुसुन्डाका राजा वा झाँक्रीले तान्त्रिक विधिले सिकाउँथे। मन्त्र प्रयोग गरेर सिकाइने शास्त्रीय पट्टा खेलका बाइसवटा दाउ हुन्थे, जसले शरीरका बाइस भागलाई बचाउन सक्ने विश्वास गरिन्थ्यो (आले, २०७४)। खेलका कौशल लडाइँ र जङ्गली जनावरबाट सुरक्षाका लागि उपयोग गर्दथे।

सिकारी संस्कृतिमा हुर्किएका कुसुन्डा जाति वनसम्बन्धी जटिल कानूनका कारण यो संस्कृति छाड्न बाध्य बनेको देखिन्छ। यस्तै खोला वा नदीमा जथाभावी माछा, ओद आदि जलचर मार्न पनि रोक लगाइँदा यिनीहरू जीवनयापनका अन्य उपाय अपनाउन विवश बने।

प्युठानतिर गाउँघरमा एउटा उखान प्रचलित छः "वनको राजा आयो दाली भात खायो। यो उखानले कुसुन्डाको खानपान, सामाजिकता, जीवनशैली आदिबारे धेरै सूचना दिन्छ। कुसुन्डा वनका राजा भएको, उनीहरू डुली हिँड्ने जाति रहेको, उनीहरूले दालभात खाने कुराको जानकारी यसबाट मिल्दछ। कुसुन्डाले आफूहरूलाई चिनाउन 'म्याखा' शब्द प्रयोग गरेको पाइन्छ। म्याखा भनेको राजा हो। कुसुन्डाहरू आफ्नो पुख्यौंली थलो मगरात क्षेत्रमा

पर्ने अर्घाखाँची र पाल्पातिर रहेको बताउँछन्। पछि यिनीहरूको बसाइको केन्द्र तल्लो र मध्ये प्युठानका गाउँ नजिकका वन हुन पुगे। हाल कुसुन्डाहरू प्युठान, दाङ, सल्यान, रोल्पा, सुर्खेत, अर्घाखाँची, कपिलवस्तु, पाल्पा, तनहुँ, गार्खा आदि जिल्लामा छरिएर बसेका छन्।

तीव्र बसाइँसराइ निजी वन र सामुदायिक वनको विकास, राष्ट्रिय निकुञ्ज विस्तार, अन्तर्जातीय सम्बन्ध विस्तार आदिका कारण वनका कुसुन्डा स्थायी बसोबास गरी गाउँतिर बस्न थाले। यसले गर्दा उनीहरूका दैनिकी अन्य मानिसको झैं खेतीपातीमा आधारित हुन थाल्यो। वन पस्नु र सिकार गर्नु उनीहरूलाई फुर्सदको समयको उपयोग मात्रै हुन पुग्यो। कुसुन्डाहरू जङ्गलका कन्दमूल, च्याउ, सागपात र आफूले मारेको सिकार लगेर गाउँमा जाने र गाउँलेसँग अन्नपात साटेर ल्याउने हुनाले गाउँलेसँग पनि यिनीहरूको राम्रो सम्बन्ध कायम हुन्थ्यो। सम्बन्धकै क्रममा गाउँले र कुसुन्डा बीचमा मित र सैना लगाउने गर्दथे। गाउँले पनि वनराजासँग मित लगाउन पाउनुलाई गर्व ठान्दथे (भाषा आयोग, २०७५, पृ. ७)। यसबाट कुसुन्डाको सामाजिक संस्कार झल्कन्छ। प्रकृतिका पुजारी कुसुन्डाहरू प्राकृतिक वातावरणको अभावमा आफ्नो समाजका मौलिक संस्कृति र भाषिक पहिचान हराउँदै छन् भन्ने कुरा समयमै हेक्का राख्न नसक्नु बिडम्बनाको विषय हो।

पहिले कुसुन्डाले वनमा काठका भाँडाकुँडा बनाएर गाउँमा लगेर अन्नसँग साट्थे र गुजारा चलाउँथे। केही समय पहिले कुसुन्डाहरू प्युठानका तिराम, हंसपुर, ढुङगेगढी, दाङबाङ, बाङ्गेसाल, अर्घाखाँचीका बलकोट, चुत्राबेसी र दाङका जङ्गल, पाल्पातिरका जङ्गलमा अस्थाय बुकुरा बनाई बस्ने र छिट्टै ठाउँठाउँ डुली हिँड्ने गर्दथे। कुसुन्डाहरू कुनै जङ्गलबाट अर्को नयाँ ठाउँमा सर्नुपर्दा जोखना हेरी राम्रो नराम्रो पत्ता लगाएर मात्रै सर्दथे। यिनीहरू धामी झाँक्री, तन्त्रमन्त्र आदिमा विश्वास गर्दछन्। देवीदेवताको पूजाआजा गर्ने कुसुन्डाहरू दसैंमा नवदुर्गाको पूजा गर्दछन्। कुसुन्डाहरूका धेरै संस्कार हिन्दू धर्ममा आधारित छन्।

उनीहरू आफ्नै भाषामा कुराकानी गर्दथे। शिक्षा र ज्ञानको खासै विकास नभएका कारण कुसुन्डा जाति सभ्य पढालेखा समाजसँग डराउँथ्यो। कुसुन्डा प्राकृतिक वातावरणमा खेल्न चाहने सोझो जाति हो। आफ्नो बासस्थानमा कसैले हस्तक्षेप गरेमा वा जिस्काएमा कुसुन्डा रिसाएर तुरुन्त प्रत्याक्रमणमा उत्रने गर्दथे। त्यसैले गाउँघरमा कुसुन्डालाई अरूसँग नमिल्ने डरलाग्दो जातिका रूपमा चित्रण गर्ने गरेको पाइन्छ।

## ६. कुसुन्डा भाषा

कुनै पनि जातिलाई चिनाउने र उसको सामाजिक अवस्थाबारे अध्ययन गर्ने महत्त्वपूर्ण आधार त्यस जातिको भाषा र संस्कृति हो। भाषा र समाज एकै सिक्काका दुई पाटा हुन्। भाषा र संस्कृति समाजमा अन्योन्याश्रित सम्बन्धमा बाँचेका छन्। भाषाको अभावमा अहिले कुसुन्डा समाज संस्कृति बिहीन जस्तै बन्ने खतरा बढेको छ। अन्य जातजातिको सम्पर्कमा आएर कुसुन्डाहरूका पुराना मौलिक संस्कृति पनि विनाश हुँदै गएका छन्। उनीहरूका जन्म, विवाह, मृत्यु आदि संस्कार पनि विस्तारै फेरिँदै गएका छन्। उनीहरूका पेशा र जीवनशैली पनि परिवर्तन भएका छन्। आधुनिकीकरणको प्रक्रियामा परिवर्तन स्वाभाविक भए पनि सांस्कृतिक मूल्यका हिसाबले यस्तो परिवर्तन कुसुन्डा जातिका लागि घातक बनेको छ। कुसुन्डा भाषामा नाता जनाउने आफ्नै मौलिक शब्द रहेका छन्।

## खण्ड दुईः भाषा संरक्षण तथा संवर्धन

### कुसुन्डा भाषाका नाता जनाउने शब्द

| कुसुन्डा शब्द | नेपाली अर्थ |
|---|---|
| यै | बुबा |
| माई | आमा |
| न्येप, न्या | बाजे, बजै |
| नोकोक, न्या | मामाघरका बाजे बजै |
| यैमिजार, माइमिजार्नी | ठूलाबा, ठूलीआमा |
| यैमला, यैमली | माहिला बा, माहिली आमा |
| यैसाइला, मैसाइली | साहिँला ,बा, साँहिली आमा |
| नाखम, नाङ्बी | मामा, माइजू |
| बुडुन गैबुडा | ससुरा |
| बुजा ग्याउजी | सासू |
| डुइ, मन्जू | लोग्ने, स्वास्नी |
| नेङ्बे | फुपू |
| ममा | दाजी |

यी नाता बुझाउने शब्दहरू कुसुन्डाको पछिल्लो पुस्ताले भुलिसकेको छ। केही समयमा कुसुन्डा भाषाका मौलिक शब्द र संस्कृतिको कुरा इतिहासको विषयमा मात्रै सीमित हुने हो कि भन्ने चिन्ता बढ्न थालेको छ। त्यसैले कुसुन्डा भाषा र संस्कृतिको अध्ययनमा विद्वानहरूको चासो बढेको छ।

### ७. कुसुन्डा भाषाको पारिवारिक सम्बन्ध

नेपालमा बोलिने भाषाहरू भारोपेली, भाटेचिनियाँ, आग्नेली र द्रबिड गरी मूलतः चार भाषापरिवारमा समेटिने कुरा विद्वानहरूले राख्दै आएका छन्। यी परिवारमध्ये वक्ताका हिसाबले भारोपेली परिवार सबैभन्दा ठुलो रहेको छ भने भाषा सख्याका हिसाबले भोटचिनियाँ भाषा परिवारमा सबैभन्दा धेरै भाषाहरू रहेका छन्। यीमध्ये भारोपेली र भोटचिनियाँ परिवार भाषिक जनसङ्ख्या, साहित्य, भौगोलिक विस्तार, भाषिका विस्तार, भाषा सङ्ख्या आदि सबै हिसाबले समृद्ध छन्। यिनका तुलनामा आग्नेली र द्रबिड परिवारका भाषा सीमित सङ्ख्यामा रहेका छन्। कुसुन्डा भाषालाई विभिन्न समयका जनगणना र भाषाका अध्येताहरूले माथि उल्लिखित कुनै पनि भाषा परिवारमा नपर्ने भन्दै अन्य परिवार भनी उल्लेख गर्दै आएको पाइन्छ। पछिल्ला केही अध्ययनले यसलाई भोटचिनियाँ भाषा परिवारसँग मिल्ने भाषाका रूपमा चिनाएका छन्। भाषाशास्त्री बल्लभमणि दाहालले कुसुन्डा भाषालाई भोट बर्मेली (Tibeto-Burman) परिवारसँग नजिक (अधिकारी, सन् २०२० पृ.९०) देखाएका छन्। कुसुन्डा भाषाका शब्दहरू मगर खाम भाषासँग मिल्दाजुल्दा रहेका छन्। भोटचिनियाँ परिवारका अन्य भाषासँग पनि कुसुन्डा भाषाका केही शब्दहरू मिल्दछन्।

## खण्ड दुईः भाषा संरक्षण तथा संवर्धन

### कुसुन्डा र भोटचिनियाँ परिवारका केही भाषाको तुलना

| मगर | तामाङ | भोटे | कुसुन्डा | नेपाली अर्थ |
|---|---|---|---|---|
| मोचा | मोजे | | मुचा | केरा |
| लाघा | | | लघै | गाउँ |
| भोग्टा | | | वुक्ता | कपडा, लुगा |
| डिस्या | | | डसा | माछा |
| डी | | | ताङ | पानी |
| मोचा | | डु | तु | सर्प |

कुसुन्डा भाषाका धेरै विशेषता राउटे भाषासँग पनि मिल्दछन्। भाषावैज्ञानिक राइनहार्डले राउटे जातिको खाम्ची भाषा र कुसुन्डा भाषाका शब्दहरूलाई नेपाली भाषाका शब्दसँग तुलनात्मक अध्ययन गरेका छन्। उनका विचारमा राउटेका शब्द भन्दा कुसुन्डाका शब्दहरू बढी मात्रामा नेपालीकृत भएका छन्। भाषा वैज्ञानिकहरूले वर्णहरूको उच्चारण व्यवस्था, उच्चारण स्थान, शब्दभित्र रहेका वर्णको वितरण आदिमा देखिएको समानतालाई आधार मानी कुसुन्डा भाषालाई भोटचिनियाँ भाषा परिवारका भाषाहरूसँग नजिक देखाउने प्रयास गरेका हुन्। अङ्ग्रेज विद्वान् हडसनले सन् १९७० मा एउटा खोजमूलक निबन्ध लेखी चेपाङ, कुसुन्डा र हायुहरू एउटै प्रजातिका रहेको उल्लेख गरेका छन् । उनको विचारलाई थप प्रकाश पार्ने आधार राइनहार्ड र जापानी अनुसन्धाता तोवाले गरेको भाषाहरूको तुलनात्मक अध्ययनले पनि दिन्छ। राइनहार्डले सङ्कलन गरेका कुसुन्डा भाषाका शब्दहरूलाई उनका सहयात्री तोवाले भाषावैज्ञानिक किसिमले विश्लेषण गरी भोटचिनियाँ परिवारकै हुनसक्ने देखाएका छन्।

भुटानतिरका ल्होपा जाति, नेपालका पहाडी भेगका चेपाङ, कुसुन्डा र हायुहरूको शारीरिक बनावट, भाषिक समानता, जीवनशैली आदिलाई तुलनात्मक ढङ्गले हेर्दा यी एउटै मूल जातिबाट विकसित हुनसक्ने देखिएको छ। प्राप्त तथ्यहरूका आधारमा कुसुन्डा भाषा भोटचिनियाँ परिवारको हो भन्न सकिने प्रशस्त आधारहरू रहेका छन्।

अनेक जाति, भाषा, धर्म, र संस्कृतिको एकता नेपालको मौलिकता हो। कुसुन्डा भाषाका आफ्नै मातृभाषी वक्ता खासै नहुनु र नेपाली लगायत अन्य भाषाको प्रभाव अत्यधिक हुनुले यो भाषा लोप हुने स्थितिमा पुगेको छ। नेपाल कुसुन्डा विकास समाजका अध्यक्ष धनबहादुर कुसुन्डाका अनुसार नेपालमा कुसुन्डाको जनसङ्ख्या १५० हाराहारीको मात्रै छ। नेपालको वि.सं. २०५८ को जनगणनाले यो सङ्ख्या १६४ देखाएको छ भने २०६८ को जनगणनामा ९८ पुरुष र ११५ महिला गरी २१३ कुसुन्डाको देखाइएको छ। धनबहादुर कुसुन्डा जनगणनामा देखाइएको जस्तै झापा, मोरङ, सुनसरी र सिराहा जिल्लामा कुसुन्डा नै नरहेको बताउँछन्। उनी सरकारी तथ्याङ्कमा त्रुटि रहेको मान्दछन्। कुसुन्डाको सबैभन्दा ठुलो जनसङ्ख्या दाङमा (९८ जना) रहेको देखिन्छ। कामको सिलसिलामा केही कुसुन्डाहरू भारतका भोपाल र दार्जिलिङमा पनि रहेको दाङका स्थानीयहरूले बताएका छन्। कुसुन्डाको सङ्ख्या १५० भन्दा जति भए पनि यो भाषा बोल्ने र बुझ्ने मानिस दुई चार जना मात्रै

रहेका देखिन्छन्। भाषिक प्रयोक्ताका दृष्टिले कुसुन्डाको क्षेत्र ज्यादै सीमित रहेको देखिन्छ। कुसुन्डा भाषाका जानकार/प्रयोक्ता मानिने तनहुँका राजामामाको निधन भइसकेको छ। अहिले रोल्पाकी कमला सेन कुसुन्डा र दाङ घोराहीकी ज्ञानीमैयाँ सेन कुसुन्डा यी दुई मात्र कुसुन्डा भाषाका पूर्ण वक्ता हुन् (भाषा आयोग, २०७५:पृ. २८)। यसरी हेर्दा कुसुन्डा भाषा मृत्युको मुखमा रहेको छ। नेपालमा कुनै जाति भाषा वा संस्कृति लोप हुनु भनेको एउटा ङ्ग लोप हुनु हो (भाषा आयोग, २०७५)। कुसुन्डा संस्कृतिको संरक्षणमा गरिएका प्रयास पर्याप्त छन् कि छैनन् ? अहिलेको महत्त्वपूर्ण प्रश्न बनेको छ।

## ८. कुसुन्डा भाषाका वर्ण

वर्ण भाषाको एउटा महत्त्वपूर्ण एकाइ हो। वर्णको अध्ययन निश्चित भाषावैज्ञानिक सिद्धान्तका आधारमा गरिन्छ। भाषामा रहेका वर्णहरूको निर्धारणका लागि निश्चित गरिएका सैद्धान्तिक आधारहरूको समष्टि रूप नै वर्ण विश्लेषण सिद्धान्त हो (गौतम र अन्य, २०६७: ५८)। संरचनावादी भाषा वैज्ञानिकहरूले वर्णको अध्ययनमा व्यतिरेकी वितरण, परिपूरक वितरण, मुक्त परिवर्तन, तटस्थीकरण, ध्वन्यात्मक समरूपता, तार्किक ढाँचाको सिद्धान्त र मितव्ययिताको सिद्धान्त उपयोग गरेका छन्। संसारका सबै भाषाका वर्ण निर्धारणमा यी सिद्धान्त उपयोगी छन्। यी मध्ये प्रमुख सैद्धान्तिक आधार व्यतिरेक हो। कुनै वर्ण भिन्न हुनका निम्ति ती व्यतिरेकी हुनुपर्छ र व्यतिरेक देखाउनका निम्ति लघुतम युग्महरूलाई प्रस्तुत गर्न सकिन्छ। (बन्धु, २०५७: ६७)। व्यतिरेकी वितरणको सिद्धान्तका आधारमा नेपाली र कुसुन्डा भाषाका वर्णहरूलाई पनि निर्धारण गर्न सकिन्छ।

### ८.१ स्वर वर्ण

उच्चारण हुँदा श्वास प्रवाहमा कतै अवरोध नभई उच्चारण हुने वर्ण स्वर हुन्। व्यतिरेकी सिद्धान्तअनुसार लघुतम युग्ममा आई अर्थमा भिन्नता ल्याउन सक्ने नेपाली भाषाका स्वरहरू */अ/,/आ/, /इ/, /उ/, /ए/, /ओ/* हुन्। नेपालीमा जस्तै कुसुन्डा भाषामा पनि */अ/, /आ/, /इ/, /उ/, /ए/, /ओ/* व्यतिरेकी स्वर वर्णका रूपमा रहेका छन् (रिजाल, २०१९, पृ. ५०)। यी वर्णहरू लघुतम युग्ममा समान परिवेशमा आई अर्थमा भिन्नता ल्याउन सक्छन्। त्यसैले यी फरकफरक वर्ण मानिन्छन्। व्यतिरेकी सिद्धान्तका आधारमा नेपाली स्वर वर्णलाई निम्नानुसार देखाउन सकिन्छ:

| **लघुतम युग्म** | **वर्ण** | **परिवेश** |
|---|---|---|
| /कल/ : /काल/ | */अ/,/आ/* | शब्दामध्य परिवेश |
| /किलो/ : /कुलो/ | */इ/,/उ/* | शब्दमध्य परिवेश |
| /साने/ : /सानो/ | */ए/,/ओ/* | शब्दान्त परिवेश |

यसरी लघुतम युग्ममा अर्थभेदक भई आउने */अ/, /आ/, /इ/, /उ/, /ए/* तथा */ओ/* नेपालीका स्वर वर्ण हुन्।

#### ८.१.१ कुसुन्डा भाषाका स्वर वर्ण

कुसुन्डा भाषामा छ वटा कथ्य स्वर वर्णहरू रहेको देखाइएको छ। उच्चारणका आधारमा कुसुन्डा भाषामा *अ, आ, इ, उ, ए ओ* गरी छ वटा स्वर वर्णहरू (भाषा आयोग, २०७५, पृ. ६) रहेका छन्। यी वर्णहरूले समान परिवेशमा आई अर्थमा भिन्नता ल्याउन सक्षम देखिन्छन्।

| लघुतम युग्म | वर्ण | परिवेश | अर्थ |
|---|---|---|---|
| /लब/ | /अ/ | शब्द मध्य परिवेश | गाड्नु |
| /लाब/ | /आ/ | शब्द मध्य परिवेश | रोप्नु |
| /इङ्/ | /इ/ | शब्दादि परिवेश | घाम |
| /उङ्/ | /उ/ | शब्दादि परिवेश | बाटो |
| /एगन/ | /ए/ | शब्दादि परिवेश | दियो |
| /ओगन/ | /ओ/ | शब्दादि परिवेश | गऱ्यो |

यस तथ्यलाई हेर्दा कुसुन्डा भाषाका */अ/, /आ/, /इ/, /उ/, /ए/, /ओ/* स्वर ध्वनिले समान परिवेशमा आई अर्थमा भिन्नता ल्याउन सकेका छन्।

## ८.२ व्यञ्जन वर्ण

श्वास प्रवाहमा बाधा भई उच्चारण हुने ध्वनि व्यञ्जन हो (यादव र रेग्मी, २०५९, पृ. ८६)। व्यतिरेकी सिद्धान्तअनुसार समान परिवेशमा आई अर्थमा भिन्नता ल्याउने नेपाली व्यञ्जन वर्णहरू २९ वटा रहेका छन्। नेपाली व्यञ्ज्नमा *क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स* तथा *ह* पर्दछन्। लघुतम युग्ममा आई यी वर्णले अर्थमा भिन्नता ल्याउन सक्छन्। यी सहित *ञ, ण, श, ष क्ष त्र* अनि *ज्ञ* गरी नेपाली लेख्य परम्परामा ३६ वटा व्यञ्जन वर्ण प्रचलित छन्।

### ८.२.१ कुसुन्डा भाषाका व्यञ्जन वर्ण

देवनागरी लिपिका सहायताबाट कुसुन्डा भाषाका वर्ण निर्धारण गर्ने प्रयास गरिएको छ। भाषा आयोग नेपालले प्रस्तुत गरेका कुसुन्डा भाषाका व्यञ्जन वर्णहरूलाई व्यतिरेकका आधारमा यसरी देखाउन सकिन्छः

| लघुतम युग्म | वर्ण | अर्थमा भिन्नता |
|---|---|---|
| काइजि : खाइजि | */क/, /ख/* | (सुकेको : डराएको) |
| ग्याङ् : घ्याङ् | */ग/, /घ/* | (बिगार्नु : योनी ) |
| चोक्डु : जोक्डु | */च/, /ज/* | (राख्नेछु : भिज्नेछु) |
| छाँआडि : जाँआडि | */छ/, /ज/* | (बाँधें : बालें) |
| झम्जि : टम्जि | */झ/, /ट/* | (रोयो : खायो) |
| टम्जि : ठम्जि | */ट/, /ठ/* | (खायो : घोच्यो) |
| डाबः ढाब | */ड/, /ढ/* | (भेट्नु : ढाक्नु) |
| पुइ : फुइ | */प/, /फ/* | (गोहोरो : उफ्रनु) |
| गेबुसा : गेभुसा | */ब/, /भ/* | (दही : दूध) |
| नब : मब | */न/, /म/* | (विवाह : सुन्नु) |
| याङ् : वाङ | */य/, /व/* | (दिसा : जुनकिरी) |
| ओराङ्वा : ओरान्वा | */ङ/, /न/* | (मार्ने छैनौ, द्वितीय पुरुष : गर्ने छैन, प्रथम पुरुष) |
| गलि : गहि | */ल/, /ह/* | (वालुवा : घाउ) |
| ओरा : ओला | */र/, /ल/* | (मार्नु : कुल्चिनु) |

सुला : हुला /सा, /हा (भाँच्नु : पकाउनु)

*(स्रोतः भाषा आयोगको प्रतिवेदन)*

यसरी व्यतिरेकी सिद्धान्तका आधारमा कुसुन्डा भाषामा जम्माजम्मी २५ वटा व्यञ्जन वर्ण रहेका छन्। नेपाली भाषामा पाइने त, थ, द र ध वर्ण कुसुन्डा भाषामा व्यतिरेकी पाइँदैनन् (रिजाल, सन् २०१९: पृ.५१)। कुसुन्डा भाषामा नेपालीमा भन्दा चारवटा व्यञ्जन वर्ण कम रहेका छन्। यति राम्रो भाषिक व्यवस्था भएर पनि कुसुन्डा भाषा अहिले चलनचल्तीबाट हराउनु दुःखको विषय हो।

## ९. निष्कर्ष

कुसुन्डा नेपालको लोपोन्मुख जाति हो। यसको संस्कार तथा भाषागत अस्तित्व सङ्कटमा रहेको छ। पहिले कुसुन्डाहरू प्युठानका अर्घाखाँची, दाङ र पाल्पातिरका जङ्गलमा अस्थायी बुकुरा बनाई बस्ने र ठाउँठाउँ बसाइँ सरी हिँड्ने गर्दथे। कुसुन्डाहरू कुनै नयाँ ठाउँमा सर्नुपर्दा जोखना हेरी सर्दथे। यिनीहरू धामी झाँक्री, तन्त्रमन्त्र आदिमा विश्वास गर्ने जाति हुन्। देवीदेवताको पूजाआजा गर्ने कुसुन्डाहरू दसैंमा दुर्गाको पूजा गर्दछन्। यिनीहरूका धेरै संस्कार हिन्दू धर्ममा आधारित छन्। विभिन्न समयका जनगणना र भाषाका अध्येताहरूले नेपालका प्रमुख चार भाषापरिवार भन्दा भिन्न परिवार भनी उल्लेख गरेको कुसुन्डालाई पछिल्ला केही अध्ययनले यसलाई भोटचिनियाँ भाषा परिवारसँग मिल्ने भाषाका रूपमा चिनाएका छन्। दैनिक प्रयोगमा नरहेको यो भाषा वक्ताको अभावमा लोप हुने अवस्थामा छ। यसका साथै अहिले कुसुन्डा समाज संस्कृतिविहीन बन्ने खतरा बढेको छ। अन्य जातजातिको सम्पर्कमा आएर कुसुन्डाहरूका पुराना मौलिक संस्कृति पनि विनाश हुँदै गएका छन्। उनीहरूका जन्म, विवाह, मृत्यु आदि संस्कार विस्तारै फेरिँदै छन्। उनीहरूका पेसा र जीवनशैली पनि परिवर्तन भएका छन्। सांस्कृतिक मूल्यका हिसाबले यस्तो परिवर्तन कुसुन्डा जातिका लागि घातक बनेको छ। तथ्याङ्कका रूपमा कुसुन्डाको सङ्ख्या १५० भन्दा बढी भए पनि यो भाषा बोल्ने भाषिक प्रयोक्ता मानिने तनहुँका राजामामाको निधन भइसकेको छ। अहिले रोल्पाकी कमला सेन कुसुन्डा र दाङ घोराहीकी ज्ञानीमैया सेन कुसुन्डा यी दुई मात्र कुसुन्डा भाषाका पूर्ण वक्ता हुन्।

हालसम्मका केही अध्ययनले कुसुन्डा भाषाको इतिहास लेखन, केही शब्दकोश निर्माण र वर्ण निर्धारणको काम हुन सकेको देखिन्छ। व्यतिरेकी वितरणको सिद्धान्तका आधारमा नेपाली भाषामा ६ वटा स्वर र २९ वटा व्यञ्जन वर्ण रहेझैं कुसुन्डा भाषामा ६ वटा स्वर र २५ वटा व्यञ्जन वर्ण निर्धारण भएको छ। यो भाषामा आफ्ना थुप्रै मौलिक शब्दभण्डार र नाताबोधक शब्द रहे पनि प्रयोक्ताको अभावमा लोप हुने स्थिति आएको हुँदा संरक्षणका लागि ठोस सरकारी योजनाको आवश्यकता छ।

## सन्दर्भ सूची

अधिकारी, नारायणप्रसाद. (२०२०). कुसुन्डा भाषा संस्कृति लोपोन्मुख हुनाका कारणहरू. *एएमसी जर्नल*, १(१), ८८–९६।

आले, उदयराज. (२०७४). *कुसुन्डा जाति र शब्दकोश.* लेखक स्वयम्।

गौतम, देवीप्रसाद र चौलागाईं, प्रेमप्रसाद. (२०४७). *सामान्य भाषाविज्ञान.* पिनाकल पब्लिकेशन प्रा.लि.।

नेपाल कुसुन्डा विकास समाज. (२०७३). *कुसुन्डा शब्दकोश.* नेपाल कुसुन्डा विकास समाज केन्द्रीय कार्यालय।

पोखरेल, माधवप्रसाद. (२०७९). कुसुन्डा भाषाका अन्तिम वक्ताको खोजी. *रचना,* ५(११८), १२५–१२७।

बन्धु, चूडामणि. (२०७९). वनराजा र तिनका भाषाबारे. *मिर्मिरे,* ३०८, ४-८।

भाषा आयोग. (२०७५). *कुसुन्डा भाषाको इतिहास.* भाषा आयोग।

रिजाल, पुष्करनाथ. (२०१९). कुसुन्डा र नेपाली भाषाका वर्णको तुलनात्मक अध्ययन. *प्रवासन (बेलायत),* ३(१), ४६–५६।